कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:०८२।०८३
चलानी नं: २०७३

मिति: २०८२।१२।२५

## घटनादर्ता सम्बन्धी कुशे गाउँपालिका कार्यालयको सार्वजनिक सूचना !!

"व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिको लागी घटना घटेको ३५ दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं गराऔँ" भन्ने मुल सन्देशका साथ वि.स. २०८३ सालमा बैशाख ०१ गतेदेखि ०७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम देशव्यापी रूपमा मनाइने व्यहोरा जानकारी गराइन्छ।

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, विधिको शासन, सामाजिक न्याय तथा समावेशी शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि व्यक्तिको कानुनी पहिचानको सुनिश्चितता, अपरिहार्य पूर्वाधारको रूपमा स्थापित रहेको सर्वविदितै छ। सोही संवैधानिक मर्म, राज्यको दायित्व तथा नागरिकको कर्तव्यलाई मूर्त रूप प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईंसराइ जस्ता घटना घटेको मितिले ३५ (पैतीस) दिनभित्र व्यक्तिगत घटनाको अभिलेखीकरण गर्ने संवैधानिक, कानुनी तथा प्रशासनिक संयन्त्र हो। यसले राज्य र नागरिकबीचको औपचारिक सम्बन्धलाई संस्थागत गर्दै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सम्पत्ति अधिकार, निर्वाचनमा सहभागिता लगायतका विविध अधिकारहरूको उपभोगमा प्रत्यक्ष रुपमा प्रभाव पार्दछ। समयमै दर्ता नगरिएको अवस्थामा नागरिकले पाउने सेवा-सुविधामा अवरोध सिर्जना हुन सक्ने मात्र नभई राज्यको तथ्यांक प्रणाली समेत अपूर्ण र अविश्वसनीय बन्न जाने तथ्यप्रति गम्भीर रहन अनुरोध गरिन्छ। सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि तथा तथ्यमा आधारित नीति निर्माणलाई सुदृढ बनाउने उद्देश्यले सम्पूर्ण यस कुशे गाउँपालिकावासी महानुभावहरूमा देहाय बमोजिम हार्दिक आह्वान गरिन्छ।

देहाय:

- आफ्ना परिवार, आफन्त तथा छिमेकीमा घटेका सम्पूर्ण व्यक्तिगत घटनाहरू अनिवार्य रूपमा ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनुहोस्।
- विगतमा विभिन्न कारणवश दर्ता हुन नसकेका घटनाहरूलाई समेत सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी नियमित प्रक्रियामार्फत अभिलेखीकरण गराउनुहोस्।
- घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न गाउँपालिका वडा कार्यालय, जनप्रतिनिधि, कर्मचारी तथा समुदायबीच सहकार्य तथा समन्वयलाई सुदृढ बनाउनुहोस्।
- दर्ता प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व तथा विधिसम्मत अभ्यासलाई आत्मसात गर्दै समुन्नत नागरिक अभिलेख प्रणाली निर्माणमा सक्रिय भूमिका निर्वाह गर्नुहोस्।

अतः समयमै घटना दर्ता गर्नु केवल प्रशासनिक प्रक्रिया मात्र नभई संवैधानिक अधिकारको उपभोग तथा राज्यप्रतिको दायित्व निर्वाह गर्नु महत्वपूर्ण कदम हो। "घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरौं, गराऔं नागरिको पहिचान, अधिकार र उत्तरदायित्वको आधारशिला सुदृढ गरौं र कुशे गाउँपालिकालाई प्रविधिमैत्री बनाउन सहयोग गरौं"।

विरेन्द्र जैसी
शाखा प्रमुख

शेर बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

ईमेल: verspkushemun@gmail.com, सम्पर्क नं.: ९८६६२२१५७२,९८५८०७५३२५